# श्री सिद्धि गणेश

## बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका–६, हरमटारी, गोरखा

## दशौं बार्षिक साधारण सभा एवं तेश्रो अधिवेशन

## प्रतिवेदन २०७७,कात्तिक २२

श्री सिद्धि गणेश
बचत तथा ऋण सहकारी संस्था लि.
SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD.

च.नं. : ०३६-०७७/७८

मिति : **२०७७।०६।२५**

श्री शेयर सदस्य ज्यू,
श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.,
गोरखा ।

**बिषय : <u>दशौं वार्षिक साधारण सभा तथा तेश्रो अधिवेशन सम्बन्धमा</u> ।**

उपरोक्त विषयमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. हरमटारी गोरखाको दशौं बार्षिक साधारण सभा तथा तेश्रो अधिवेशन विश्वमा फैलिएको **कोरोना भाईरस (कोभिड-१९)** को कारणले गर्दा विगतमा जस्तै यस बर्ष एकै ठाउँमा एकैपटक उपस्थित भई सम्पन्न गर्न स्वास्थ्यको दृष्टिकोणले अनुपयुक्त हुनाका साथै स्थानिय प्रशासनबाट समेत भेला तथा सभा सम्मेलन गर्न रोक लगाईएको हुँदा र नेपाल सरकार सहकारी विभागबाट मिति २०७७ असोज १ गते जारी सूचना अनुसार विद्युतिय (भर्चुअल) प्रणालीको माध्यमबाटै भएपनि संस्थाको विनियम बमोजिम संस्थाको साधारण सभा तथा अधिवेशन समयमा नै सम्पन्न गर्नुपर्ने भएकोले सोही बमोजिम यस संस्थाको संचालक समितिको मिति २०७७ असोज २३ गते शुक्रबार बसेको बैठकको निर्णय अनुसार संस्थाको साधारण सभा तथा अधिवेशन मिति २०७७ कात्तिक १६ गते आईतबार देखि २२ गते शनिबार सम्ममा सम्पन्न गर्ने गरी यो सूचना जारी गर्दै सहभागीताको लागी अनुरोध गर्दछौं ।

**<u>कार्यक्रमको तालिका</u>**

- सहभागी दर्ता : मिति २०७७ कात्तिक १६ गते आईतबार देखि २० गते विहीबारसम्म बिहान १० बजेदेखि ३ बजेसम्म संस्थाको कार्यालयमा ।
- संस्थाको प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन www.siddiganesh.com.np बाट डाउनलोड गरी अध्ययन गर्नुहुन अनुरोध गर्दछौं । यदि वेवसाईटबाट डाउनलोड गर्न असमर्थ हुनु भएमा सिधै संस्थाको कार्यालयबाट पनि प्रतिवेदन उपलब्ध गराईनेछ ।
- उक्त प्रतिवेदनहरु उपर कुनै जिज्ञासा तथा रायसुझाव भएमा मिति २०७७ कात्तिक २१ गते दिनको १ बजे भित्रमा यस संस्थाको ई-मेल siddiganeshgrk@gmail.com, भाईबर नम्बर ९८२४१९५५५६ तथा संस्थाको फेसबुक पेज https://www.facebook.com/siddiganeshgrk/ मा गई म्यासेज गर्न एवं सिधै संस्थाको कार्यालयमा लिखित रुपमा पेश गर्न सकिनेछ ।
- उक्त प्रतिवेदनहरु उपर आएका सम्पूर्ण जिज्ञासा तथा राय सुझावमाथिको छलफलमा २०७७ कात्तिक २१ गते शुक्रबार दिनको ठिक १ बजेबाट निम्न जुम आईडि र पासवर्ड प्रयोग गरी साधारण सभाको बन्द सत्र कार्यक्रममा सहभागीता जनाउन सकिनेछ ।

**Meeting ID: 975 2017 7100**
**Passcode: siddi**
Direct Link (For Digital Copy): <u>Click to join</u>
*<u>जुमको लिंकको लागी सिद्धिगणेशको फेसबुक पेजमा म्यासेज पठाउनु होला</u> ।*

**<u>निर्वाचन कार्यक्रम</u>**

उम्मेद्वारी दर्ता - २०७७ कात्तिक २० गते विहिबार विहान १० बजेदेखि दिउँसो ३ बजेसम्म संस्थाको कार्यालयमा गर्न सकिनेछ ।

अन्य निर्वाचनको कार्यक्रम निर्वाचन समितिको कार्यतालिका अनुसार हुनेछ ।

**<u>प्रस्तावित बिषयहरु</u>**

१, संस्थाको प्रगती प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन र भावी कार्यक्रम प्रस्तुत तथा अनुमोदन
२, संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन
३, लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन
४, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत
५, उपसमितिहरुको प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन
६, लेखापरिक्षक नियूक्ती
७, विनियम संसोधन
८, निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन
९, संस्था समायोजन (मर्जर)
१०, निर्वाचन कार्यक्रम

- संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन
- निर्वाचन कार्यक्रम निर्वाचन कार्यतालिका बमोजिम निर्वाचन समितिले पेश गर्नेछ ।

सचिव
काजीराम श्रेष्ठ

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**दशौं साधारण सभा तथा तेश्रो अधिवेशनमा सचिव काजीराम श्रेष्ठबाट प्रस्तुत**

## प्रगति प्रतिवेदन

***२०७७ कात्तिक २२ गते***

आदरणीय अध्यक्षज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारीहरु एवं सदस्यज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै संस्थाको आ.व. २०७६/०७७ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु । अध्यक्षज्यू, संचालक, कर्मचारीहरु, विभिन्न उपसमितिहरुसंग भएको अनुभव र उर्जालाई संस्थाको स्थापनाकालदेखि हालसम्म संस्थागत विकासमा उपयोग गर्दै अघि बढ्दा दशौं साधारण सभासम्म आईपुग्दा जिल्लाको उत्कृष्ट भनिएका सहकारीहरुको उचाई भन्दा कम नहुने गरी हाम्रो संस्थालाई उभ्याउन सफल भएको कुरा यहाँहरु समक्ष गौरवका साथ राख्न चाहन्छु । संस्थाले विभिन्न समयमा विभिन्न आरोह अवरोहको सामना गर्दै आजको दिनसम्म आईपुग्दा हालसालै विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारणले संस्थालाई पनि असर पारेको कुरा सर्वविदितै छ । हालसम्म संस्थाले आर्जन गरेको प्रगतिलाई भविष्यमा आईपर्ने चुनौतिहरुको सामना र नयाँ संभावनाहरुको खोजी गर्दै संस्थालाई अरु उचाईमा पुऱ्याउन सम्पूर्ण सेयर सदस्यज्यूहरुले निरन्तर सल्लाह, सुझाव र सद्भाव प्रदान गरिरहनु हुनेछ भन्ने मैले विश्वास लिएको छु । दशौं साधारणसभाको यो घडीमा संस्थाको तर्फबाट सचिवको हैसियतले सम्पूर्ण सदस्यहरुलाई धन्यवाद एवं उच्च सम्मान व्यक्त गर्दै प्रतिवेदन प्रस्तुत गर्दछु ।

## संस्थाको संक्षिप्त इतिहास

आदरणिय सेयर सदस्यज्यूहरु,

गोरखा नगरपालिका भित्र कार्यक्षेत्र रहने गरी २७ जना सेयर सदस्यहरु मिली एकातिर आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने, अर्कोतिर एकआपसमा सहयोग आदानप्रदान र भाईचाराको सम्बन्ध स्थापना गर्दै संस्थागत रुपमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. गोरखा नामाकरण गरी गोरखा जिल्लाको सहकारी इतिहासमा एउटा उदाहरणीय र नमुना सहकारीको रुपमा आफुलाई चिनाउने लक्ष्यका साथ २०६७ पौष १७ गते सहकारीको स्थापना गराउनको लागी छलफल शुरु गरी २०६७ माघ १ गते सम्पन्न प्रथम प्रारम्भिक भेलाले श्री अच्युतलाल श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी २०६७ माघ २६ गते डिभिजन सहकारी कार्यालय दमौलीमा विधिवत् दर्ता गराई २०६८ बैशाख २३ गते शुक्रबारदेखि गोनपा-३, हरमटारीमा संस्थाको काउन्टर स्थापना गरी कारोबार शुरु गरिएको हो ।

**संस्थाको उद्देश्य**

राज्यले तय गरेको सहकारीको मुल्य, मान्यता र सिद्धान्तको आधारमा हाम्रो समाजमा उपलब्ध श्रोत र साधनलाई एकिकृत र परिचालन गरि संस्थामा आबद्ध सदस्यहरुबाटै निर्मित विधि विधान, निति नियम अनुसार हामीबाटै परिचालन र नियन्त्रण गर्ने आबद्ध सेयर सदस्यहरुको साझा उद्येश्य हो । अर्थात निम्न तथा मध्यम आय भएका व्यक्ति तथा व्यवसायीहरु सहकारीताको माध्यमबाट एउटै समूहमा संगठीत भई छरिएर रहेको पुँजीलाई एकत्रित गर्दै आवश्यकता अनुसार बचत गरी ऋण प्रवाह गर्ने र सेवाबाट आर्जित मुनाफालाई दामासाहीले वितरण गर्ने मुख्य उद्येश्य रहेको छ ।

आदरणीय सेयर सदस्यज्यूहरु,

२०७६ श्रावण २५ गते संस्थाको सम्पन्न नवौं साधारणसभामा प्रस्तुत गरिएको भावि कार्यनिति तथा कार्यक्रम बमोजिम संस्थाले गरेको आ.व. २०७६/७७ को प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) २०७६ श्रावण २५ गते शनिबार संस्थाको नवौं बार्षिक साधारण सभा चितवनको चुम्लीङटारस्थित सिद्धार्थ रिभरसाईड रिसोर्टमा सम्पन्न भयो । उक्त साधारण सभामा उपस्थित शेयरसदस्यहरुलाई सम्पूर्ण प्रतिवेदन डिजिटल रुपमा उपलब्ध गराई पेपरलेस कार्यक्रमको थालनी गरी सम्पन्न गरियो ।

२) नेफ्स्कुन फिल्ड कार्यालय लमजुङ्को आयोजनामा २०७६ साल मंसिर २३ र २४ गते लमजुङ्मा आयोजित दुई दिने ऋणको कानुनी तथा धितो मुल्यांकन तालिममा मुल्यांकन उपसमितिका संयोजक नारायण खत्री, ऋण उपसमितिका सदस्य ज्ञानहरी अर्याल र प्रबन्धक गणेश श्रेष्ठको सहभागिता रहेको थियो ।

३) २०७६ माघ २० गतेदेखि लागु हुने गरी समयानुसार व्याजदर परिवर्तन गरियो ।

४) विश्वभर फैलिएको कोभिड–१९ को महामारीले गर्दा नेपाल पनि अछुतो रहन नसकेको परिवेशमा नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि गरेको लकडाउनले गर्दा सम्पूर्ण व्यापार व्यवसाय, उद्योगधन्दा, कल कारखाना, यातायात, कृषि व्यवसाय एवं सम्पूर्ण आयआर्जन गर्ने क्षेत्रहरु पूर्णतया प्रभावित भई हाम्रो यस संस्थामा आबद्ध रहेका शेयर सदस्यहरु पनि प्रभावित हुन पुगेकोले सो अवधिमा कुनैपनि आर्थिक क्षेत्र संचालन हुन नसकी आर्थिक कारोबार शुन्य भएकोले यस सहकारीसंग विभिन्न शिर्षकमा ऋण लिई ऋणको सावाँ तथा व्याज समयमा भुक्तानी गर्न नसक्ने देखिएकोले ऋणीहरुको लागी मिति २०७६ चैत ११ गतेदेखि असार मसान्तसम्म लाग्ने व्याजमा जरीवाना व्याज समेत लाग्ने गरेकोमा सो अवधिको जरीवाना शुल्क छुट दिने र सोही अवधिको व्याजमा पनि २०७७ असार १५ गतेसम्म व्याज तथा किस्ता भुक्तान गर्दा व्याजमा १० प्रतिशत छुट गर्ने मिति २०७६ चैत्र २८ गते संचालक समितिको बैठक बसी निर्णय गरियो ।

५) २०७७ बैशाख १५ गते संचालक समितिको बैठक बसी बचत तथा ऋणका विभिन्न शिर्षकहरुमा २०७७ बैशाख १६ गतेदेखि लागु हुने गरी व्याजदर परिवर्तन गर्ने निर्णय गरियो ।

६) यस संस्थाको ऋण लगानी अन्तर्गत विभिन्न शिर्षकमा धितो मार्फत लगानी गरिने ऋणहरुको हकमा १० लाख भन्दा माथिको लगानीमा आधिकारीक कन्सल्टेन्सीहरुबाट धितो मुल्यांकन गर्न लगाउने निर्णय अनुसार विभिन्न कन्सल्टेन्सीहरुसंग कोटेशन माग गरी प्राप्त भएको कन्सल्टेन्सीहरुमध्ये गोरखा कालिका ईन्जिनियरिङ्

कन्सल्टेन्सी प्रा.लि. लाई छनौट गरी धितो मुल्यांकन गर्न लगाउने निर्णय गरिएको छ । साथै १० लाखसम्मको ऋण लगानीका लागी भने मुल्यांकन समितिले नै मुल्यांकन गर्न सक्ने निर्णय गरिएको छ ।

७) आर्थिक बर्ष २०७६/७७ को बार्षिक लेखापरीक्षण गर्नको लागि एम.एस.पी. एण्ड एसोसिएटस् लाई नियुक्ती गरियो ।

८) नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयद्वारा सम्पूर्ण सहकारीहरुमा लागु हुने गरी एक व्यक्ति एक सहकारीको मान्यता र सहकारीहरुमा एकरुपता कायम गर्ने उद्येश्यले कोपोमिस प्रणालिमा जानु पर्ने भएकोले संस्थाले सो को लागी पनि काम अघि बढाएको जानकारी गराउदै यस संस्थामा आबद्ध त्यस्ता सदस्यहरुलाई यथासक्य एउटामात्र सहकारी छनौट गर्न अनुरोध गरिएको जानकारी गराउँदछु ।

९) कोभिड-१९ को महामारीको जोखिममा पनि संस्थामा काम गर्नुपर्ने भएकोले प्रोत्साहन स्वरुप संस्थामा कार्यरत कर्मचारीहरुका लागी रु.१ लाख बराबरको कोरोना विमा गरिएको जानकारी गराउँदछु ।

१०) यस आ.व.मा संस्थाको कार्यसमितिको जम्मा १७ वटा बैठक सम्पन्न भएको छ ।

११) २०७६ माघ २६ गते होटल गोरखा प्यालेसमा जिल्ला सहकारी संघको अध्यक्ष श्री बाबुराम कोईरालाज्यूको प्रमुख आतिथ्यतामा संस्थाको नवौं स्थापना दिवस सम्पन्न भयो । सोही अवसरमा संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत विगतका बर्षहरुमा जस्तै यस बर्ष गोरखा नगरपालिका वडा नं. ६,पाटेचौर गोरखा स्थित श्री शक्ति मा.वि. को विद्यार्थीहरुलाई शुद्ध पिउने पानीको लागि फिल्टर (युरो गार्ड) विद्यालयका प्रधानाध्यापक श्री राजेन्द्र प्रसाद अधिकारीज्यूलाई हस्तान्तरण गरियो । स्थापना दिवसकै अवसरमा विगतमा जस्तै यसपटक पनि सेयर सदस्यहरुको छोराछोरीमध्येबाट शैक्षिक सत्र २०७५ को एस.ई.ई. परीक्षामा 3.9 GPA ल्याई सर्वोत्कृष्ट स्थान हाँसिल गर्नुहुने गोरखा नगरपालिका वडा नं. ८, हरमटारी, गोरखा निवासी यस संस्थाका शेयर सदस्यहरु श्री रामहरी के.सी. एवं श्री दुर्गा के.सी थापा ज्यूको छोरी सुश्री रोशिका के.सी. लाई नगद तथा प्रशंसा पत्रले पुरस्कृत तथा सम्मान गरियो । त्यसैगरी संस्थामा कार्यरत कर्मचारीहरुमध्येबाट यस बर्ष श्री मुनु जोशी ज्यूलाई नगद र प्रशंशापत्रले सम्मान गरियो ।

१२) हालसम्म संस्थामा महिला सेयर सदस्य ६२१ र पुरुष शेयर सदस्य ५९२ गरी जम्मा १२१३ सेयर सदस्य आबद्ध रहेको छ ।

१३) संस्थाको कुल शेयरपुँजी ३ करोड ४३ लाख २८ हजार बाट बृद्धि भई ३ करोड ४३ लाख ८८ हजार ८ सय भएको छ भने सम्पूर्ण शिर्षकहरुको जम्मा बचत १६ करोड ९ लाख २४ हजार भएको र त्यसमध्ये १३ करोड २९ लाख ५ हजार लगानी गरी यो बर्ष संस्थाले करकट्टी गरी ३९ लाख ९६ हजार १ सय ४५ रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

१४) संस्थाको आन्तरिक लेखापरीक्षणलाई नियमित रुपमा सम्पन्न गरिएको छ ।

१५) संस्थाको निति, नियम र परिधी भित्र रही प्रक्रिया पुऱ्याई ऋण उपसमितिको सिफारिसमा लगानी भएका सम्पूर्ण ऋणहरुको अनुमोदन गरिएको छ ।

१६) यस आ.व.को मुनाफा मध्येबाट विनियममा व्यवस्था भए अनुसारको रकम विभिन्न कोषमा रकमान्तर गरिएको छ ।

१७) संस्थामा हाल ६ जना कर्मचारीद्वारा नियमित कार्य संचालन गर्दै आएको जानकारी गराउँदछु ।

१८) आर्थिक बर्ष २०७६/७७ मा संस्थाले आर्जन गरेको मुनाफाबाट वितरणयोग्य मुनाफाको लाभांश वितरण गर्ने निर्णय गरिएको छ ।

आदरणीय सेयर सदस्यज्यूहरु,

संस्थाको आर्थिक मेरुदण्ड भनेको सेयर सदस्यहरुको नियमित बचत नै हो र संस्थाले तय गरेको विभिन्न खालको बचत नितिहरु सँगै अनिवार्य बचतको रुपमा मासिक बचतलाई निरन्तरता दिदै अन्य बचतहरुलाई पनि आफू र आफन्तहरुलाई समेत संस्थामा आबद्ध गराई आगामी दिनहरुमा कारोबार बृद्धि गर्न सहयोग रहने छ भन्ने आशा राख्दै अब म आगामी आ.ब. को लागि संस्थाले तय गरेको भावी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**भावी कार्यक्रमहरु** :-

१) निक्षेप तथा लगानीलाई प्रमुख प्राथमिकता दिदै निक्षेपकर्ताहरुलाई प्रोत्साहन हुने खालको कार्यक्रमहरु ल्याइनुका साथै लगानीका विभिन्न शिर्षकहरुको पहिचान गरी लगानीको क्षेत्र विस्तार गरिनेछ ।

२) समयानुरुप राज्यको अर्थनितिमा आधारित रही विद्यमान बित्तिय संस्था एवं सहकारीहरुको प्रवाह अनुसार हाम्रो संस्थामा पनि व्याजदर परिवर्तन गर्दै लगिने छ ।

३) विनियमको आधारमा विभिन्न कोषहरुमा मुनाफाको रकम बाँडफाँड गरिने छ ।

४) जग्गा खरिद गरि भवन निर्माण कार्य गरिने छ ।

५) सेयर सदस्यहरुलाई अध्ययन अवलोकन भ्रमणको व्यबस्था गरिने छ ।

६) संस्थामा हुने दैनिक कार्य संचालनलाई अझै व्यवस्थित गर्न आवश्यकता अनुसार कर्मचारीहरुको उचित व्यवस्था गरिने छ ।

७) शेयर सदस्य, कार्यसमिति तथा उपसमितिहरु र कर्मचारीहरुलाई सहकारी शिक्षा एवं सीपमूलक तालिमको व्यबस्था गरिने छ ।

८) शेयर सदस्यहरुको संख्या थप गर्दै लगीनेछ ।

९) संस्थालाई भएको नाफाको लाभांश वितरण गरिनेछ ।

१०) सेवा क्षेत्र विस्तार गरिने लक्ष्य लिएका छौं ।

११) सामाजिक उत्तरदायित्व अन्तर्गत गरिदै आएको कार्यक्रमलाई अझै विस्तार गरिनेछ ।

१२) एउटै प्रकृतिका र क्षेत्रका सहकारीहरुको समायोजन (मर्जर) को प्रकृया अगाडि बढाईनेछ ।

अन्त्यमा, मलाई सचिवको हैसियतले विश्वास गरि यो अवधि सम्म कार्य गर्ने अवसर दिनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई धन्यबाद ज्ञापन गर्दै विगतमा जस्तै यो आर्थिक बर्षमा पनि संस्थाको उद्देश्य हासिल गर्न खट्नु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, कोषाध्यक्षज्यू, सदस्यज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, यो प्रतिवेदनमा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराएर सहयोग गर्नु हुने प्रबन्धक लगायत सम्पूर्ण

**कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु । यो साधारण सभा बार्षिक प्रगतिको समिक्षा गर्ने एवं निति निर्माण गर्ने निर्णायक थलो हुने भएको र विगतका बर्षहरुमा जस्तै भौतिक रुपमा उपस्थित भई एकैठाउँमा भेला भएर सम्पन्न गरिएका साधारण सभा जस्तै यस बर्ष पनि सोही तवरले मिति २०७७ श्रावण ३१ गते नै साधारण सभा गर्ने निर्णय भएता पनि हालको विषम परिस्थितिले गर्दा सो मितिमा साधारण सभा सम्पन्न गर्न असमर्थ भई स्थगित गर्न परेको जानकारी गराउँदै संस्थाले आफ्नो समयसिमा भित्र साधारण सभा तथा अधिवेशन सम्पन्न गर्नुपर्ने बाध्यतात्मक परिस्थितिलाई मुल्यांकन गरी नेपाल सरकार सहकारी विभागको मिति २०७७ असोज १ को सुचना अनुसार जिल्लामै पहिलो संस्थाको रुपमा प्रविधि (अनलाईन Zoom) को माध्यमबाट साधारण सभा तथा अधिवेशन गर्न लागिरहेको जानकारी गराउँदै सो कार्यक्रम सम्पूर्ण शेयरसदस्यहरुलाई नयाँ अनुभव भएपनि यो साधारण सभामा सम्पूर्ण सदस्यहरु उपस्थिति भई साधारण सभा तथा अधिवेशन सफल पारिदिनुहुनेछ भन्ने आशा गर्दै सञ्चालक समितिद्वारा प्रस्तावित निति तथा कार्ययोजनाहरु उपर केही जिज्ञासा तथा रायसुझाव भए सूचनामा उल्लेख गरिए बमोजिम अनलाईन Zoom मा उपस्थित भई व्यापक छलफल र सुझाव सहित अनुमोदन गरिदिनु हुनेछ भन्ने पुर्ण आशा ब्यक्त गर्दै प्रतिवेदन प्रस्तोता काजिराम श्रेष्ठ पुनः यहाँहरुको जिज्ञासा र छलफलमा भाग लिने प्रतिबद्धता ब्यक्त गर्दै बिदा हुन्छु । धन्यबाद ! जय सहकारी ।**

**सचिव**

**काजिराम श्रेष्ठ**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## हरमटारी गोरखा ।

दशौं बार्षिक साधारण सभा तथा तेश्रो अधिवेशनमा कोषाध्यक्ष श्री शरद बाबु कट्टेलद्वारा प्रस्तुत संस्थाको

## आर्थिक प्रतिवेदन

मिति : २०७७/०७/२२

आदरणीय अध्यक्ष ज्यू,
लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु साथै उपस्थिति सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको आजको यस दशौं बार्षिक साधारण सभाको शुभ अवसरमा हार्दिक स्वागत गर्दछु ।

कोरोना भाईरसका कारण विश्वकै अर्थतन्त्रमा असर परेको यो परिप्रेक्ष्यमा हाम्रो यस सहकारी पनि यसको असरबाट टाढा हुन नसकेको जानकारी गराउँदै आर्थिक बर्ष २०७६/७७ मा संस्थाले हासिल गरेको आर्थिक गतिविधिहरु समावेश गरी २०७७ असार मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचीहरु साथै कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन छलफल तथा अनुमोदनको लागी यहाँहरु समक्ष पेश गर्दछु ।

### १. वित्तिय स्थिति

संस्थाको गतबर्ष संगको तुलनात्मक वित्तिय स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि (रकममा) | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|---|
| चुक्ता पुँजी | ३,४३,८८,८००.०० | ३,४३,२८,०००.०० | ६०,८००.०० | ०.१८ |
| जगेडा कोष तथा कोषहरु | ९९,४७,०३२.४९ | ५९,४१,४८७.८७ | ४०,०५,५४४.६२ | ६७.४२ |
| कुल सम्पत्ति | १३,३१,९३३.४६ | १७,३८,३५०.२६ | (४,०६,४१६.८०) | -२३.३८ |
| कुल निक्षेप | १६,०९,२४,७६५.५३ | १४,१८,७८,३००.४३ | १,९०,४६,४६५.१० | १३.४२ |
| कुल कर्जा लगानी | १३,२९,०५,८९३.०८ | १२,७३,९१,८७६.७७ | ५५,१४,०१६.३१ | ४.३३ |
| बैंक तथा नगद | ६,९५,७०,३७६.१२ | ५,२९,०३,८८२.९१ | १,६६,६६,४९३.२१ | ३१.५० |

### २. संचालन नतिजा

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (प्रतिशतमा) |
|---|---|---|---|---|
| व्याज आम्दानी | १,९२,००,५२८.२६ | १४,६३६,६२८.८१ | ४५,६३,८९९.४५ | ३१.१८ |
| विप्रेषण आम्दानी | १०,८८,४०२.९९ | १४,३७,५०४.६९ | (३,४९,१०१.७०) | -२४.२९ |
| अन्य आम्दानी | ५,२१,३७७.४२ | ६,४५,८८९.७९ | (१,२४,५१२.३७) | -१९.२८ |
| व्याज खर्च | १,१६,०६,०१२.०० | ९४,८५,१७३.०० | २१,२०,८३९.०० | २२.३६ |
| संचालन खर्च | ४५,६९,७७१.६१ | ३२,८९,८०९.०० | १२,७९,९६२.६१ | ३८.९१ |
| ह्रास खर्च | ४,२८,०५८.८० | २,७२,५४२.०६ | १,५५,५१६.७४ | ५७.०६ |
| आयकर | २,१०,३२३.४६ | १,८६,१२४.९६ | २४,१९८.५० | १३.०० |
| खुद मुनाफा | ३९,९६,१४५.८० | ३४,९६,३७४.२७ | ४,९९,७७१.५३ | १४.२९ |
| प्रति शेयर मुनाफा | ११.६२ | १०.१९ | १.४४ | १४.०९ |

### ३. निक्षेप संकलन

| क्र. सं. | विवरण | यस आ.व.रकम | गत आ.व. रकम | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | मुद्धती बचत | ४,५३,९१,४३९.०० | २,६४,२९,३९७.०० | १,८९,६२,०४२.०० | ७१.७५ |
| २ | मासिक बचत | ७३,२०,६८९.०० | ४८,९६,०४५.०० | २४,२४,६४४.०० | ४९.५२ |
| ३ | साधारण बचत | ५,५०,६८,०७४.८९ | ६,५०,३७,५१९.८५ | (९९,६९,४४४.९६) | (१५.३३) |
| ४ | दैनिक बचत | ६,६९२,१४०.५९ | ७२,२१,३६०.०१ | (५,२९,२१९.४२) | (७.३३) |
| ५ | चल्ती खातामा बचत | ७,४२,९७५.७१ | ५,२२,४३५.७४ | २,२०,५३९.९७ | ४२.२१ |
| ६ | विशेष बचत | १,६२,२२,८६४.१० | १,३८,६४,२५४.०५ | २३,५८,६१०.०५ | १७.०१ |
| ७ | नारी बचत | १,४४,३७,९०९.२० | १,२४,६०,८०८.२० | १९,७७,१०१.०० | १५.८७ |
| ८ | बाल बचत | ३९,७७,०३२.५२ | ३९,०९,५०३.१४ | ६७,५२९.३८ | १.७३ |
| ९ | जेष्ठ नागरिक बचत | ९७,४६,६४९.०३ | ६५,८९,१०१.७५ | ३१,५७,५४७.२८ | ४७.९२ |
| १० | कर्मचारी बचत | १३,१२,०४३.४९ | ९,३८,२९०.६९ | ३,७३,७५२.८० | ३९.८३ |
| ११ | भु.पु सैनिक बचत | १२,९४८.०० | ९,५८५.०० | ३,३६३.०० | ३५.०९ |
| **जम्मा** | | **१६,०९,२४,७६५.५३** | **१४,१८,७८,३००.४३** | **१,९०,४६,४६५.१०** | **१३.४२** |

### ४. कर्जा लगानी

| क्र. सं. | विवरण | यस आ.व.रकम | गत आ.व. रकम | वृद्धि/कमी ( रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | कृषी, पर्यटन तथा घरेलु उद्योगमा ऋण लगानी | २४,६७,५१३.९७ | ६३,१२,९२०.४६ | (३८,४५,४०६.४९) | (६०.९१) |
| २ | घरयासी ऋण लगानी | १,९८,४७६.३६ | ९३,३५२.६५ | १,०५,१२३.७१ | ११२.६१ |
| ३ | हायर पर्चेज ऋण लगानी | १,८२,३९,१४५.२४ | ९६,८९,४४१.२३ | ८५,४९,७०४.०१ | ८८.२४ |
| ४ | किस्तावन्दी ऋण लगानी | ३,४३,८३,७६२.०२ | ३,०४,२५,९१५.३९ | ३९,५७,८४६.६३ | १३.०१ |
| ५ | व्यापारिक ऋण लगानी | ६,०९,४६,९९५.४९ | ७,५७,७०,२४७.०४ | (१,४८,२३,२५१.५५) | (१९.५६) |
| ६ | मुद्धती बचतमा ऋण लगानी | ८,७०,०००.०० | - | ८,७०,०००.०० | |
| ७ | सामूहिक जमानी ऋण लगानी | १,५८,००,०००.०० | ५१,००,०००.०० | १,०७,००,०००.०० | २०९.८० |
| **जम्मा** | | **१३,२९,०५,८९३.०८** | **१२,७३,९१,८७६.७७** | **५५,१४,०१६.३१** | **४.३३** |

आदरणीय शेयर सदस्यज्यूहरु,

अब म संस्थाको आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन पेश गर्न चाहन्छु । साथै प्रतिवेदन उपर गहन छलफल गरी अनुमोदन गरीदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा शेयरधनीहरुले निरन्तर रुपमा हामी प्रति देखाउदै आउनु भएको आत्मियता, न्यानो माया र विश्वास प्रति आभार प्रकट गर्दै संस्थाका व्यवस्थापक लगायत कर्मचारी र लेखापरीक्षकलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामी शेयरधनी महानुभावहरुलाई उच्च स्तरीय सेवाको माध्यामबाट दीर्घकालीन र पारस्परिक सम्बन्ध र सहयोगको विस्तार गर्न प्रतिबद्ध रहेको कुरा विश्वास दिलाउँदै बिदा हुन चाहन्छु । धन्यवाद ।

**कोषाध्यक्ष**
**शरद बाबु कट्टेल**

**जय सहकारी ।**

Meb. No.: 2337
Certified No.: 1306 'B'

:+977-66-520366
: 9846087672

# M S P & Associates

Besishahar, Lamjung
PAN No. : 300697854

Ref. No. :

Date : ....२०७७०४।१६..

## लेखापरिक्षकको प्रतिवेदन

**श्री सिद्धि गणेश बचत तथा ऋणसहकारी संस्था लि.गोरखा-०६, हरमटारी, गोरखाको लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।**

आदरणीय अध्यक्ष तथा सम्बन्धीत सम्पूर्ण सदस्य महानुभावहरु तथा अन्य प्रतिनिधीहरुमा। यस सहकारी संस्थाको लेखापरिक्षण कार्य हामीले संस्थाको बैठकको निर्णय मार्फत पत्र संख्या २०७७/०७८ च.नं. १ र मिति २०७७/०४/०२ को पत्र अनुसार अनुरोध गरे अनुसार श्री सिद्धि गणेश बचत तथा ऋणसहकारी संस्था लि.गोरखा-०६, हरमटारी, गोरखाको ३१ आषाढ ,२०७७ को संलग्न वित्तिय विवरण एवं सोही मितिमा अन्त भएको आर्थिक वर्ष २०७६/०७७ को स्थिति विवरण तथा आय व्यय विवरण समेतलाई संस्थाको तर्फवाट उपलब्ध भएका वासलात, नाफा नोक्सान हिसाव, ,नगद प्रवाह विवरण, आय व्यय विवरण तथा अन्य खाता, भौचर, विल भरपाई एवं आवश्यक प्रमाण संग जांची भिडाई हेर्‍यौ. । सम्पूर्ण वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थामा रहेको छ भने लेखापरीक्षणको आधारमा ती वित्तिय विवरणहरु प्रति आफ्नो मन्तव्य जारी गर्नु लेखापरीक्षकको उत्तरदायित्व हो ।

हामीले नेपाल लेखा परीक्षणसंग सम्वन्धित प्रचलित ऐन नियमहरु, सहकारी ऐन तथा नियमावलि र संस्था संचालनको लागि वनाइएको विनियमलाई आधार मानी लेखापरीक्षण गरेका छौं । संलग्न वित्तिय विवरणहरु वस्तुगत त्रुटीहरु छन् भन्ने कुरामा विश्वस्त हुनुको लागि लेखापरीक्षण योजना तयार गरि तद् अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरणहरुमा उल्लेखित रकम एवं सम्वन्धित अन्य विवरणहरुलाई पुष्ट्यांई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेस हुन्छन् । साकोसले अवलम्वन गरेका सिद्धान्तहरु,व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं उपलब्ध वित्तिय विवरण प्रतिवेदनले संस्थाको यथार्थ स्थिती देखिने कुरामा हामी विश्वस्त हुँदै उपलब्ध श्रेश्ताहरुको लेखापरीक्षणका आधारमा हामीलाई आफ्नो मन्तव्यलाई उचित एवं पर्याप्त आधार प्रदान गर्ने कुरामा विश्वस्त छौं ।

उपरोक्त आधारमा लेखापरिक्षण गर्दा प्रमुख रुपमा देहाएका कुराहरु देखिएका छन् ।

- लेखापरीक्षण सम्पन्न गर्न आवश्यक परेका सूचना एवं स्पष्टीकरणहरु यथाशिघ्र उपलब्ध भएका थिए,साथै हामीलाई उपलब्ध भएको लेखा अभिलेख एवं विवरण तथा पुष्टि प्रमाणहरु सन्तोषजनक देखिए ।
- हिसाबलाई कम्प्युटर प्रणली(सफ्टवयर) मा प्रविष्ठ गरेको पायौं तथा यस संस्थाले उद्देश्य अनुसार काम गरेको पाईयो ।
- दोहोरो लेखाप्रणाली अनुसार लेखा विधी अपनाएको पायौं ,सफ्टवयर प्रणालीको राम्रो प्रयोग गरी अन्य कागजात पनि शिलशीलेबार ढंगबाट राखेको पायौं ।
- हाम्रो विचारमा संस्थाले प्रचलित सिद्धान्त एवं नियम कानून अनुसार लेखा अभिलेख एवं खाता वही सन्तोषजनक ढंगमा राखेको देखियो ।
- हामीले जानेबुझेसम्म एवं प्राप्त सूचना तथा स्पष्टीकरण र लेखापरीक्षणको आधारमा संस्थाका सम्पूर्ण महानुभाव, कर्मचारी एवं सम्वन्धित अन्य कसैले पनि ऐन कानून विपरीत गैह्रजिम्मेवारी पूर्ण कामकाज गरी गराई कोष लाई हानी नोक्सानी गरे गराएको पाएनौ ।

हाम्रो रायमा नेपाल लेखामान एवं प्रचलित लेखापरीक्षण सिद्धान्त र सम्वन्धित ऐन संग संलग्न वित्तीय विवरणहरु भिडाई अध्ययन गर्दा सहकारी संस्थाको २०७७ आषाढ मसान्तको वित्तिय स्थिति र सोहि मितिमा अन्त भएको आर्थिक बर्षको संचालन नतिजाले यथार्थ चित्रण गरेको छ ।

बोर्धाथ:-

श्री गोरखा नगरपालिकाको कार्यालय,गोरखा

UDIN Number: 200731RA023373X1LN

महेन्द्र शर्मा पौडेल
एम.पि.एस. एण्ड एसोसिएट्स
रजिर्ष्टड लेखापरीक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

गोरखा नपा–६, [illegible], गोरखा

[illegible] हिसाब

२०७७ आषाढ मसान्तसम्मको

| पुंजी तथा दायित्व | अनुसुची | यस बर्ष रु | गत बर्ष रु |
|---|---|---|---|
| **पूंजी र जगेडा कोष** | | | |
| शेयर पुंजी | १५ | ३४,३८८,८००।०० | ३४,३२८,०००।०० |
| **जगेडा कोष तथा संचित नाफा /नोक्सान** | १६ | ९,७४७,०३२।४९ | ५,९४१,४८७।८७ |
| जगेडाकोष | | ३,०५७,१८०।८९ | २,०५८,१४४।४४ |
| संरक्षित पुंजी कोष तथा सहकारी प्रर्वद्धन कोष | | १,४३२,९४४।४६ | ६६८,६८१।५८ |
| अन्य कोष | | ५,२५६,९०७।१३ | ३,२१४,६६१।८५ |
| कर्मचारी उपदान कोष | | २००,०००।०० | |
| घटाउने: चालु दायित्व तथा व्यवस्था | | | |
| अन्य भुक्तानी गर्नुपर्ने रकम | १३ | १,७५५,२०९।०० | १,३९९,२२७।८० |
| निक्षेप हिसाब | १४ | १६०,९२४,७६५।५३ | १४१,८७८,३००।४३ |
| आयकरको व्यवस्था | | २१०,३२३।४६ | १८६,१२४।९६ |
| **जम्मा** | | १६२,८९०,२९७।९९ | १४३,४६३,६५३।१९ |
| | | | |
| **कुल जम्मा** | | २०७,२२६,१३०।४८ | १८३,७३३,१४१।०६ |
| | | | |
| **सम्पत्ति तथा जायजेथा** | ६ | १,३३१,९३३।४६ | १,७३८,३५०।२६ |
| स्थिर सम्पत्ति | | | |
| **चालु सम्पत्ति** | | | |
| ऋण लगानी | ७ | १३२,९०५,८९३।०८ | १२७,३९१,८७६।७७ |
| शेयर लगानी | ८ | ११०,७००।०० | ११०,७००।०० |
| अन्य पाउनुपर्ने रकम | ९ | २,१२६,९०४।०९ | ७९५,६३९।०९ |
| नगद मौज्दात | १० | १८२,५९२।१२ | ३५६,०८४।८८ |
| बैंक मौज्दात | ११ | ६९,३८७,७८४।०० | ५२,५४७,७९८।०३ |
| अग्रिम कर, धरौटी, पेश्की तथा सापटी | १२ | १,१८०,३२३।७३ | ७९२,६९२।०३ |
| **जम्मा** | | २०५,८९४,१९७।०२ | १८१,९९४,७९०।८० |
| | | | |
| **कुल जम्मा** | | २०७,२२६,१३०।४८ | १८३,७३३,१४१।०६ |

व्यवस्थापक    लेखा समिति संयोजक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    रजि. लेखापरीक्षक

MSP & Associates
Certificate No.: 4496

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

गोरखा न.पा. २, सिमटारी, गोरखा

## आय विवरण हिसाब

आ. व. २०७६/२०७७ को

| विवरण | अनुसुची | यस बर्ष (रु) | गत बर्ष रु |
|---|---|---|---|
| **आम्दानी :** | | | |
| ऋणमा व्याज प्राप्त | १ | १७,५६६,९३९।०४ | १३,६१७,१०५।६९ |
| बैंक व्याज प्राप्त | २ | १,६३३,५८९।२२ | १,०१९,५२३।१२ |
| अन्य आम्दानी | ३ | १,६०९,७८०।४१ | २,०८३,३९४।४८ |
| **जम्मा आम्दानी (क)** | | २०,८१०,३०८।६७ | १६,७२०,०२३।२९ |
| निक्षेपमा व्याज खर्च | ४ | ११,६०६,०१२।०० | ९,४८५,१७३।०० |
| प्रशासनिक खर्च | ५ | ४,५६९,७७१।६१ | ३,२७९,८०९।०० |
| ह्रास खर्च | ६ | ४२८,०५५।८० | २७२,५४२।०६ |
| **जम्मा खर्च (ख)** | | १६,६०३,८३९।४१ | १३,०३७,५२४।०६ |
| | | | |
| **आयकर कट्टी अघिको नाफा / नोक्सान** | | ४,२०६,४६९।२६ | ३,६८२,४९९।२३ |
| घटाउने : आयकरको व्यवस्था | | २१०,३२३।४६ | १८६,१२४।९६ |
| **आयकर कट्टी पछिको नाफा / नोक्सान** | | ३,९९६,१४५।८० | ३,४९६,३७४।२७ |
| घटाउने : ऋण नोक्सानी कोषको व्यवस्था | | ( | ( |
| **ऋण नोक्सानी कोष पछाडीको नाफा / नोक्सान** | | ३,९९६,१४५।८० | ३,४९६,३७४।२७ |
| गतसाल सम्मको बचत तथा<br>कर तथा अन्य<br>यस आ.व मा वितरण भएको कोष | | ५,९४१,४९०।८७<br><br>१९०,६०१।१८ | ४,०९९,७३८।८२<br><br>१६५४६२२।२२५ |
| **जगेडा कोष तथा संचित नाफा /नोक्सान वासलातमा सारेको** | | ९,७४७,०३५।४९ | ५,९४१,४९०।८७ |

व्यवस्थापक | लेखा समिति संयोजक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | रजि. लेखापरीक्षक

MSP & Associates, Certificate No.: 4496, Registered Auditor

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## गोरखा न.पा. ६, [illegible], गोरखा

### २०७७ आषाढ मसान्त सम्मको नगद प्रवाह विवरण

| विवरण | रकम रु | रकम रु |
|---|---|---|
| संचालन विधिबाट नगद प्रवाह | | |
| १. आयकर अगाडीको नाफा नोक्सान हिसाव थपघट | ३,९९६,१४५।८० | |
| ह्रासकट्टी | ४२८,०५५।८० | |
| अन्य कोष बाट वितरण | (१९०,६०१.१८) | |
| आयकरको व्यवस्था | २१०,३२३।४६ | |
| कार्यशिल पूँजिको समायोजन | | |
| क. चालु सम्पत्तिमा वृद्धि | (७,२३२,९१३.०१) | |
| ख. चालु दायित्व तथा व्यवस्थामा वृद्धि | १९,२१६,३२१।३४ | |
| संचालनबाट आय | | |
| संचालन विधिबाट नगद प्रवाह जम्मा | | १६,४२७,३३२.२१ |
| २ लगानी गतिविधिबाट नगद प्रवाह | | |
| क) स्थिर सम्पत्ति बिक्री | ( | |
| ख) स्थिर सम्पत्ति खरिद | (२१,६३९.००) | |
| खुद नगद बाह्य प्रवाह लगानीबाट | | (२१,६३९.००) |
| ३. वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| क) कोषहरुमा कमी / बृद्धि | २००,०००।०० | |
| ख) पूँजिमा बृद्धि वा कमि | ६०,८००।०० | |
| खुद नगद कोष प्रवाह वित्तिय लगानीबाट | | २६०,८००।०० |
| खुद नगदमा बृद्धि/कमि (१+२+३) | | १६,६६६,४९३.२१ |
| जोड, शुरु मैज्दात, नगद तथा बैंक | | ५२,९०३,८८२।९१ |
| अन्तिम मौज्दात, नगद तथा बैङ्क | जम्मा | ६९,५७०,३७६।१२ |

व्यवस्थापक | लेखा समिति संयोजक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | रजि. लेखापरीक्षक

MSP & Associates, Certificate No : 4496, Registered Auditor

## श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

गोरखा न.पा. ६, [illegible], गोरखा

### आ. व. २०७६/२०७७ को सन्तुलन परिक्षण

| विवरण | डे. रकम (रु.) | के. रकम (रु.) |
|---|---|---|
| पुँजी | | ३४,३८८,८००।०० |
| जगेडा तथा अन्य कोष | | ५,९४१,४८७।८७ |
| कर्मचारी उपदान कोष | | २००,०००।०० |
| भुक्तानी दिन बाकी रकम | | १,७५५,२०९।०० |
| बचत हिसाव | | १६०,९२४,७६५।५३ |
| निक्षेपमा व्याज खर्च | ११,६०६,०१२।०० | |
| प्रशासनिक खर्च | ४,५६९,७७१।६१ | |
| ह्रास कट्टी | ४२८,०५५।८० | |
| मर्मत संभार खर्च | ( | |
| सम्पति | १,३३१,९३३।४६ | |
| ऋणमा व्याज प्राप्त | | १७,५६६,९३९।०४ |
| बैंक व्याज प्राप्त | | १,६३३,५८९।२२ |
| अन्य आम्दानी | | १,६०९,७८०।४१ |
| शेयर लगानी | ११०,७००।०० | |
| अन्य पाउनुपर्ने रकम | २,१२६,९०४।०९ | |
| अग्रिम आयकर | १,१८०,३२३।७३ | |
| ऋण लगानी | १३२,९०५,८९३।०८ | |
| बैंक मौज्दात | ६९,३८७,७८४।०० | |
| नगद मौज्दात | १८२,५९२।१२ | |
| गतसालको नोक्सानी | | |
| कर्मचारी बोनस कोष वितरण | १९०,६०१।१८ | |
| ऋण नोक्सानी कोष | | |
| जम्मा | २२४,०२०,५७१।०७ | २२४,०२०,५७१।०७ |

व्यवस्थापक    लेखा समिति संयोजक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    रजि. लेखापरीक्षक

MSP & Associates
Certificate No : 4496
Registered Auditor

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

गोरखा न.पा. [illegible] मटारी, गोरखा

आ. व. २०७६/२०७७ को

**आ.ब. ०७६/०७७ को ऋणमा व्याज आम्दानी** — अनुसुची १

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. |
|---|---|---|---|
| १ | कृषी, पर्यटन तथा घरेलु उद्योग लगानी बाट ब्याज प्राप्त | ६०५,१९१।८४ | ८७२,४७४।५१ |
| २ | दैनिक बचत ऋण लगानी बाट ब्याज प्राप्त | ४७७।०० | ४,००७।०० |
| ३ | मुद्धती बचत ऋण लगानी बाट ब्याज प्राप्त | १५२,५०३।६४ | ४,८९०।१७ |
| ४ | घरयासी ऋण लगानी बाट ब्याज प्राप्त | ४७,२७४।५३ | ३,८७९।०३ |
| ५ | हायर पर्चेज ऋण लगानी बाट ब्याज प्राप्त | २,२६८,६३९।९७ | १,५७८,५८६।०८ |
| ६ | किस्तावन्दी ऋण लगानी बाट ब्याज प्राप्त | ४,९९२,२६७।९६ | ३,६५९,६२३।५५ |
| ७ | व्यापारिक ऋण लगानी बाट ब्याज प्राप्त | ८३४,६७९।११ | ६१२,४३९।६२ |
| ८ | सामूहिक जमानी ऋण लगानी बाट ब्याज प्राप्त | १,८०९,८५७।४५ | ५२९,८८४।८८ |
| | अल्पकालिन ऋण लगानी बाट ब्याज प्राप्त | ६,८५६,०४७।५४ | ६,३५१,३२०।८५ |
| | जम्मा | १७,५६६,९३९।०४ | १३,६१७,१०५।६९ |

**बैक व्याज आम्दानी** — अनुसुची २

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. |
|---|---|---|---|
| १ | सांग्रीला विकास बैंक लि. | १७३,७२५।०२ | ७०,६३७।७८ |
| २ | एभरेष्ट बैंक लि. | १,२०७।६५ | १,८८६।७८ |
| ३ | प्रभु बैंक लि. | १४,७६९।४० | २३,८९३।०२ |
| ४ | मेगा बैंक लि. | १,००४,८५०।७७ | ५०६,२७८।९१ |
| ५ | आइ.एम.ई. सहकारी लि. | ७,५४६।५५ | १३,९७५।४० |
| ६ | प्राइम बैंक लि. | २६६,८४२।४६ | १५७,४१०।७९ |
| ७ | नेफ्स्कुन | २,९६८।४३ | २,२७०।१५ |
| ८ | एन.आई.सी एसिया बैंक लि. | ६७,९५०।७९ | २४३,१७०।२९ |
| ९ | मुक्तिनाथ विकास बैंक लि. | ९३,७२८।१५ | |
| | जम्मा | १,६३३,५८९।२२ | १,०१९,५२३।१२ |

**अन्य आम्दानी** — अनुसुची ३

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. |
|---|---|---|---|
| १ | प्रवेश तथा सदस्यता शुल्क | ५,०००।०० | १,०००।०० |
| २ | हर्जना तथा जरीवाना आय | २१,४९०।७४ | १७,०८८।७८ |
| ३ | निवेदन दस्तुर | १०,५५५।०० | ६,४७५।०० |
| ४ | कमिसन विभिन्न रेमिट बाट | १,०८८,४०२।९९ | १,४३७,५०४।६९ |
| ५ | व्यवस्थापन शुल्क | ४११,९६०।०० | ५०१,२९०।५० |
| ६ | ई-बैंकिङ्ग शुल्क | १,६००।०० | २,८००।०० |
| ७ | पासबुक शुल्क | । | ६,५००।०० |
| ८ | नेफ्स्कुन बाट लाभांश प्राप्त | । | १०,२७३।३२ |
| ९ | विविध आम्दानी | ७०,७७१।६८ | १००,४६२।१९ |
| | जम्मा | १,६०९,७८०।४१ | २,०८३,३९४।४८ |

व्यवस्थापक — लेखा समिति संयोजक — कोषाध्यक्ष — सचिव — अध्यक्ष — रजि. लेखापरीक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

गोरखा न[illegible]-६, [illegible] गोरखा

आ. व. [illegible] को

**निक्षेपमा व्याज खर्च विवरण** अनुसुची ४

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. |
|---|---|---|---|
| १ | मुद्धती बचतमा व्याज खर्च | ४,९८९,१०२।०० | ३,६७६,५५१।०० |
| २ | मासिक बचतमा व्याज खर्च | ५७०,५८९।०० | ४०७,३९६।०० |
| ३ | साधारण बचतमा व्याज खर्च | २,१०६,२७५।०० | २,४९३,७२९।०० |
| ४ | दैनिक बचतमा व्याज खर्च | ५७४,६३२।०० | ५०९,५४६।०० |
| ५ | विशेष बचतमा व्याज खर्च | १,३५५,८०४।०० | ९००,७७२।०० |
| ६ | नारी बचतमा व्याज खर्च | ८८३,१५६।०० | ७५५,३३८।०० |
| ७ | बाल बचतमा व्याज खर्च | २९४,१६३।०० | ३०३,५५८।०० |
| ८ | जेष्ठ नागरिक बचतमा व्याज खर्च | ७२३,०५५।०० | ३५८,४१४।०० |
| ९ | कर्मचारी बचतमा व्याज खर्च | १०७,३६८।०० | ७९,८६९।०० |
| ९ | भु.पु शैनिक बचत | १,८६८।०० | |
| | जम्मा | ११,६०६,०१२।०० | ९,४८५,१७३।०० |

**प्रशासनिक खर्च विवरण** अनुसुची ५

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. |
|---|---|---|---|
| १ | तलब तथा भत्ता खर्च (उप अनुसुची-क) | १,४६४,६७३।५० | १,२१७,२२०।०० |
| २ | लेखा परीक्षण शुल्क | ५६,५००।०० | ५६,५००।०० |
| ३ | घरभाडा खर्च | ४६६,६६७।०० | ४५१,४४१।०० |
| ४ | चन्दा अनुदान, सहयोग तथा उपहार | | १५,६००।०० |
| ५ | सञ्चार तथा टेलिफोन खर्च | ३७,०७४।०० | ४३,५९०।०० |
| ६ | पानी बत्ती खर्च | ३८,१९२।०० | ४२,३३२।०० |
| ७ | बैठक खाजा तथा चियापान खर्च | १००,९४६।०० | १०२,८८८।०० |
| ८ | छपाई तथा स्टेसनरी | १२४,०६९।०० | १२९,५११।०० |
| ९ | फिल्ड मुल्याङ्कन खर्च | | १७,५००।०० |
| १० | उद्यमशिलता कार्यक्रम | २०,५६०।०० | ५३,८२५।०० |
| ११ | इन्धन तथा यातायात खर्च | | २१,६००।०० |
| १२ | बिमा खर्च | २५,६९५।०० | २२,०६५।०० |
| १३ | बैठक भत्ता खर्च | १७८,०००।०० | १२०,०००।०० |
| १४ | सरसफाई खर्च | | २,४००।०० |
| १५ | नविकरण खर्च | ५०,४६९।०० | २९,२३३।०० |
| १६ | कृषी विकास कार्यक्रम (पशुपालन, तरकारी खेती) | | २१,४७०।०० |
| १७ | मर्मत तथा संभार खर्च | १७,९६१।०० | १७,७४०।०० |
| १८ | साधारण सभा खर्च | ८०४,७३५।०० | ७३०,५५१।०० |
| १९ | पोशाक खर्च | ५३,०००।०० | ६,६६६।०० |
| २० | अतिथी सत्कार खर्च | ३९,२४०।०० | २६,७४०।०० |
| २१ | कर्मचारी संचयकोष खर्च | १२५,२३१।४० | ७४,१००।०० |
| २२ | स्थापना दिवस कार्यक्रम खर्च | ६२,०८३।०० | ३६,०४०।०० |
| २३ | कार्यालय सञ्चालन खर्च | ४९,५२५।०० | ३३,१३५।०० |
| २४ | व्याज मा छुट कोभिट १९ को कारण | ६५३,३९५।७१ | |
| २५ | कर्मचारी उपदान काषको व्यवस्था | २००,०००।०० | |
| २६ | विविध खर्च | १,७५५।०० | ७,६६२।०० |
| | जम्मा | ४,५६९,७७१।६१ | ३,२७९,८०९।०० |

व्यवस्थापक    लेखा समिति संयोजक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    रजि. लेखापरीक्षक

## श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड
गोरखा न.पा. ..., ..., गोरखा

अनुसूची - ६

### आ. व. २०७६/०७७ असार मसान्तको स्थिर सम्पत्ती तथा ह्रासकट्टी विवरण

| क. स. | समूह | विवरण | परिमाण | परल मूल्य |  | बिक्री | जम्मा | ह्रास कट्टी | ह्रास कट्टी | ह्रास कट्टी | जम्मा | ह्रास कट्टी हुने | बाकी मूल्य |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | गत वर्षसम्मको | यस वर्षको |  |  | दर | गत वर्षसम्मको | यस वर्षको | ह्रास कट्टी रकम | यस वर्षको मूल्य | यस वर्षको | गत वर्षको |
| क | जग्गा तथा भवन |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  | जग्गा |  |  |  |  | - | ०% |  |  |  | - | - | - |
|  |  | भवन |  |  |  |  | - | ५% |  |  | - | - | - | - |
